# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| आयोगको बैठक सङ्ख्याः८६ | निर्णय मितिः२०८१/१०/२५ |
|---|---|

**निर्णय नः ९५**

**आर्थिक वर्ष २०८०/०८१ मा प्राकृतिक स्रोतको परिचालनबाट संकलित रोयल्टीको सम्बन्धित प्रदेश सरकार  र स्थानीय सरकारलाई बाँडफाँट गर्न यस अघि आयोगको सिफारिसमा नपरेका आयोजनाको हकमा नेपाल सरकारलाई हिस्सा सिफारिस गर्ने सम्बन्धमा।**

१. नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार निश्चित आधार र ढाँचा बमोजिम प्रदेश सरकार तथा स्थानीय तहलाई प्रभावको अनुपातको आधारमा आर्थिक वर्ष २०८०/०८१ मा संकलित रोयल्टी बाँडफाटको लागि आयोगले हिस्सा सिफारिस गर्न बाँकी रहेका ६ वटा हिमाल १९ वटा खानी र १ वटा जलविद्युत आयोजनाको रोयल्टी सम्बन्धित प्रदेश सरकार र स्थानीय तहमा अनुसूची १ मा संलग्न भए बमोजिम बाँडफाँट गर्न नेपाल सरकारलाई हिस्सा सिफारिस गर्ने।

२. निर्णय १ बमोजिमको सिफारिस कार्यान्वयन गर्न अर्थ मन्त्रालयमार्फत नेपाल सरकारलाई लेखी पठाउने।

३. निर्णय १ बमोजिम नेपाल सरकारलाई गरिएको सिफारिससँग सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हिस्सा निर्धारण गर्दा प्रयोग गरिएको तथ्याङ्क सहितको हिस्सा सम्बन्धी विवरणहरु आयोगको वेभसाईटमार्फत सार्वजनिकीकरण गर्ने। साथै मिति २०८१/१०/१० मा आयोगबाट प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको लागि नेपाल सरकारलाई गरिएको सिफारिसको हिस्सा निर्धारण गर्दा प्रयोग गरिएका तथ्याङ्कको विवरण समेत आयोगको वेभसाईटमा प्रकाशित गर्ने।